**Shabda Sadhana** **ISSN No: 2661-619X**
**शब्दसाधना वर्ष ७, अङ्क १ : १३४ -१४४, कार्तिक २०८१, (November 2024)**

# नग्न स्वप्न लघुकथासङ्ग्रहको संरचनात्मक स्वरूप

**शैलजा पोखरेल**
shailaja .pokharel@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा लघुकथाका संरचनात्मक तत्त्वहरूका आधारमा लघुकथाकार कृष्ण बजगाईँको ‘नग्न स्वप्न’ लघुकथासङ्ग्रहको संरचनात्मक विश्लेषण गरिएको छ । ‘नग्न स्वप्न’ लघुकथासङ्ग्रहमा लघुकथात्मक तत्त्वहरूको संरचना कसरी निर्माण गरिएको छ भन्ने प्रश्नमा केन्द्रित भई गरिएको यस अध्ययनका लागि पुस्तकालीय विधि अपनाइएको छ । छोटा र सजिला शीर्षकभित्र सामाजिक विकृति र विसङ्गतिका घटना समेट्तै विकासका गतिमा तीव्र रूपले अघि बढेको नेपाली समाज र भ्रष्ट राजनीतिज्ञको उपज विकृत भएको राजनीतिक व्यवस्था प्रति तीव्र व्यङ्ग्यको सुइरो तिखारिएको पाइन्छ । उत्तर आधुनिकतावादी जीवनदर्शनमा रचना भएका ती लघुकथाहरूमा आवद्ध प्रेम, विवाह र सम्बन्धको बिथोलो, अनैतिकताका अनेक सामाजिक र राजनीतिक पाटाहरू, विदेशी नेपालीका व्यथा, अस्वस्थ मानसिक अवस्थाका व्यक्तिसँग सम्बन्धित घटना, भाइरल हुने रहरमा हुने गरेका नकामहरू तथा नारा र वादको अत्याधुनिक विकृतिपूर्ण घटना आएका छन् । मानसिक रूपमा पूर्ण अस्वस्थ पात्र, विकृत राजनीतिज्ञ, आफ्नै अधीनमा पनि रहन नसक्ने समाजका नारी पुरुष, सिद्धान्तमा अडिग हुन खोज्दा सम्हालिनु पर्ने स्थानमा नसम्हालिएका र फुस्रा आदर्शमा अडेका पात्रहरूका साथै जनावर अनि भावनात्मक शब्दहरूलाई समेत पात्र रूपमा चित्रात्मक शैलीमा उभ्याएको ‘नग्न स्वप्न’का लघुकथा व्यञ्जनापूर्ण अभिव्यक्तिले पूर्ण छन् । रेखीय ढाँचामा संरचित कथानकका मूल र अन्त्य दुईवटा भागमा संरचित ‘नग्न स्वप्न’का लघुकथाहरू उत्कृष्ट देखिन्छन् ।

**शब्दकुञ्जी :** भ्रान्ति, विखण्डन, ब्लाक होल, समस्यापुर, जन्त्र ।

## विषयपरिचय

सानो आकारमा निश्चित संरचनामा नेपाली साहित्यमा पछिल्लो समय उदाएको लघुकथा विधा छोटो समयमा आफ्नो विधागत स्वरूपमा स्थापित भइसकेको छ । नेपाली साहित्यमा आख्यानको विधा लघुकथामा कलम चलाउने लघुकथाकारमध्ये कृष्ण बजगाईं पनि एक प्रमुख लघुकथाकार हुन् । बजगाईंका यन्त्रवत् (२०६४), रोडम्याप (२०६७) र कवच (२०७२), संवैधानिक पत्नी (२०७७), कागजको मन्त्री (२०८०) र नग्न स्वप्न (२०८०) गरी छओटा लघुकथासङ्ग्रह प्रकाशित छन् । नेपाली लघुकथामा आफ्नो बेग्लै परिचय बनाइसकेका बजगाईंको ‘यन्त्र मानव’ लघुकथा कक्षा १२ को पाठ्यक्रममा समावेश समेत गरिएको छ । भुँडीपुराण प्रकाशनबाट प्रकाशित ‘नग्न स्वप्न’ तीमध्येको सबैभन्दा पछिल्लो लघुकथासङ्ग्रह हो । ‘नग्न स्वप्न’ लघुकथाकार कृष्ण बजगाईंका किसिमका समसामायिक विषयवस्तुलाई उठाइएका ६१ ओटा लघुकथाहरूको सङ्ग्रह हो । नेपाली

साहित्यमा हाइकुसङ्ग्रह, नियात्रासङ्ग्रह, कथासङ्ग्रह, बालकथासङ्ग्रह लगायत लघुकथासङ्ग समेत लेख्ने बजगाईंका अन्यसाहित्यजस्तै उत्कृष्ट मानिन्छन् । यसअघि समीक्षकहरूले सीता रेग्मी (सन २०२४) ले 'नग्न स्वप्नमा एक नजर' शीर्षककोस रत्न प्रजापति (सन २०२३) ले 'नग्न स्वप्नस् सामाजिक बेथितिमाथि प्रहार' शीर्षकमा परिचयात्मक समीक्षा गरेका छन् । शुक्रराज कुँवर (सन २०२४) ले 'कृष्ण बजगाईंको 'नग्न स्वप्न' भित्रको विचरण' को अध्ययनमा लघुकथाका विषयवस्तु, चरित्रको समीक्षा गरेका छन् । 'नग्न स्वप्न' लघुकथाको संरचनात्मक अध्ययन भने अहिलेसम्म कसैले गरेको देखिँदैन । तसर्थ 'नग्न स्वप्न लघुकथासङ्ग्रहको संरचनात्मक स्वरूप' शीर्षकको प्रस्तुत अध्ययन लघुकथाका तत्वका आधारमा 'नग्न स्वप्न' लघुकथासङ्ग्रहमा लघुकथात्मक तत्त्वहरूको संरचना कसरी निर्माण गरिएको छ' भन्ने प्रश्नमा केन्द्रित भएर गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि गुणात्मक विधि अपनाइएको छ । यस अध्ययनको सामग्री पुस्तकालयबाट लिइएको छ । यस लघुकथाहरूको संरचनात्मक अध्ययनका लागि मुख्य सामग्री लघुकथाकार कृष्ण बजगाईंको 'नग्न स्वप्न' लघुकथासङ्ग्रहमा संकलित लघुकथाहरूबाट लिइएको छ र साहित्यमा प्राप्त लघुकथासम्बन्धी सिद्धान्तहरूलाई आधार मानी मुख्य सामग्रीको अध्ययन र विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

'छोटो' अर्थ बोकेको संस्कृत भाषाको 'लघु' शब्द 'कथा' शब्दमा जोडिएर 'लघुकथा' शब्दको निर्माण भएको छ । 'लघु' शब्दले छोटो, सानो भनेर यसको आकारलाई जनाउँछ र 'कथा' शब्दले कथाको तात्विक स्वरूपलाई जनाउँछ । अर्थात् छोटो आकारको कथातत्त्वले पूर्ण विधा भन्ने अर्थ 'लघुकथा' शब्दको निर्माणले प्रस्तुत गर्दछ । "कथातत्त्वले पूर्ण भएका ससाना कथा" वा "छोटा कथा" भनेर 'प्रज्ञा नेपाली शब्दकोश २०७९'ले भनेर लघुकथालाई चिनाएको छ । त्यस्तै लघुकथाका सन्दर्भमा नेपाली विद्वान्हरूले "आकारगत लघुतामात्र लघुकथाको तात्त्विक पहिचान होइन, मुख्य कुरो त यसमा क्षणभरमै विचार र भावको विस्फोट हुन सक्ने अणु सामर्थ्य हुनुपर्छ" (श्रेष्ठ, २०५६) "लघुकथा नेपाली साहित्यको सन्दर्भमा प्रयुक्त कथा विधाको एक प्रविधा हो" (सुवेदी, २०७२) "लघुकथाको संरचना छोटो र स्वयम्मा पूर्ण हुन्छ" (गौतम, २०७२) "लघुकथा कुशल फोटोग्राफरले खिचेका विशाल र सुन्दर दृश्यको सानो फोटो हो" (श्रेष्ठ, २०५६) भनेर परिभाषा दिएका छन् । विद्वानहरूको परिभाषा केलाउँदा 'छोटो तथा सीमित आकारको आफैँमा पूर्ण, अणु झैँ विस्फोट गर्ने क्षमता राख्ने अर्थात् चोटिलो, विशाल र सुन्दर दृश्यको सानो चित्र, सरल र सम्प्रेषका साथै अन्त्य विशेष भएको गद्य विधा लघुकथा हो' भन्ने बुझिन्छ । लघुकथा संरचनाका लागि भारतीय विद्वानहरूका परिभाषा केलाएर निकालिएको लघुकथाको शीर्षक, मूल भाग, अन्त्यको ध्वन्यात्मकता, भाषाको साङ्केतिक प्रयोग, रूपात्मकता, शैली तथा जीवन दर्शन र पात्रको अनिवार्य तात्त्विक उपस्थिति अनि संवाद तत्त्वको ऐच्छिक उपस्थितिको मान्यता राखेका छन् (देवी, सन २०१७) । यी तत्त्व वा संरचकहरूलाई समेटेर हेर्दा लघुकथाका अनिवार्य तत्त्वका रूपमा शीर्षक, कथावस्तु (मूल र अन्त्य), पात्र, भाषा र शैली, बिम्ब र प्रतीक, जीवनदर्शन तत्त्वहरूको महत्वपूर्ण र तत्त्व देखिन्छ ।

**शीर्षक**

नग्न स्वप्न' लघुकथासङ्ग्रहभित्र आएका शीर्षकहरू छोटा छरिता र एक शब्दमा र कतै दुई शब्दका पदावलीमा आएका छन् । लघुकथाकारले 'नग्न स्वप्न'मा लघुकथाको केन्द्रीय भावलाई खोतलेर शब्दात्मक रूपमा परिणत गर्दै त्यसलाई शीर्षकका रूपमा उपयोग गरेका छन् । उनका शीर्षकमा 'नग्न स्वप्न' ले देशको राजनीतिक विथोलोको नग्न दृश्य समेटेको छ । कथा जति चोटिलो छ, शीर्षक त्यस्तै प्रभावकारी छानिएको छ । कागले कान लग्यो भन्दैमा कागको पछि लाग्ने जस्ता देशका अर्धपागल झैँ देखिने नेता बिरोधीहरूले हृदय छैन भन्दा भ्रमित भएर डाक्टरकहाँ हृदय जाँच्न पुग्छन् भन्ने लघुकथालाई 'भ्रान्ति' शीर्षकले उनीहरूको बौद्धिक नालायकीपन प्रस्तुत गरेको छ । बिरामी सैयाको बुढाले आफ्नो इच्छा पुरा गर्न पूर्व गर्लफ्रेन्डका नाममा चेकसहितको पत्र श्रीमतीको हात लाग्दाको परिणाम देखाउने 'विपरिणाम' शीर्षकले खोजेको भन्दा उल्टो परिणाम निस्किएको लघुकथाको मर्म नै बोकेको छ । त्यस्तै 'अपमृत्यु' अर्थात् आकस्मिक मृत्यु शीर्षकको लघुकथाभित्र पात्रको हानाछापपछिको तनाव र श्रीमतीको आदेशमा लघुकथाभित्रको कथाकारले कथाको 'म' पात्र मारिदिएको छ । यसरी अचानक भएको 'म' पात्रको मृत्युले लघुकथाभित्रको लेखकको मृत्यु भएको अर्थ बोकेको छ । श्रीमतीको आदेशमा एकाएक उसको मृत्यु भएकामा त्यसै भावलाई अपमृत्युले समेटेको छ । मानव जीवनको परिस्थितिको प्रदर्शन गर्ने मानवीय समवेदनाहरू पीडित हुँदा धैर्यले ठाउँ छोडी टाउको भित्तामा बजार्न थालेपछि पागलखानामा नर्सले दिएको औषधीले 'कहिले रोग निको हुन्छ' भनेर सोध्नु उसको औषधीप्रतिको 'भरोसा' देखाएको छ । 'म' पात्रको प्रेमको शीतल छाया लामो समय पर वा बाहिर बस्ता 'ताप' मा परिणत कसरी भयो भन्ने दृष्टान्त बोकेको लघुकथाको शीर्षकले पनि कथाको मूल मर्म बोकेको छ । 'गणतन्त्रको जन्त्र' शीर्षकले गणतन्त्रपुरका जनतालाई भुलाउन र कुकाम गरेर देशमा राज गर्ने 'वाद' को मन्त्ररजन्त्र फुकाएको भन्ने कथाकारको मान्यताले शीर्षकको निर्माण भएको छ । सामाजिक सञ्जालको बढ्दो प्रचलनसँगै आएको 'भाइरल' शब्द र त्यसभन्दा पहिले नै बिरामीसँग जोडिएको भाइरल शब्दले जोडेको श्रीमान् श्रीमतीको सम्बन्धमा आधारित कथाको मूल भाव नै आधुनिक भाइरल शब्दमा केन्द्रित गरी घटनाको बयान गरिएको प्रस्तुत लघुकथाको शीर्षक 'भाइरल' वर्तमान समयको सटिक शब्द छानिएको छ । आधुनिक मेसिन कम्प्युटरमा आवश्यक ज्ञान खोज्ने प्रथामा अडिएको 'डब्लुडब्लुडब्लु डटकम' भित्रका यी दुई शब्दहरू डब्लुडब्लुडब्लु र डटकमलाई नै प्रेमी प्रेमिका बनाएर प्रस्तुत गरिएको छ । यी दुईको कुराकानीमा प्रस्तुत लघुकथामा मेसिनका जमाना अर्थात् आधुनिक जमानाको प्रेमकथा नै जोडिएकाले यो शीर्षक सटिक र आधुनिक क्षणिक र असामान्य प्रेम कथाको व्यथामा उभिएको छ । आधुनिक समयमा प्रेमको पहिलो खुड्किलोका रूपमा परिचित अङ्ग्रेजी भाषाबाट ल्याइएको 'डेटिङ' शीर्षकको लघुकथा एकजोडा प्रेमको सुरुआतको विषयवस्तुमा नै अडेको छ । त्यही समयमा पात्रले आफ्नो विगतको घटनाको रहस्य थाह समेत पाएको छ । अर्थात् यो शीर्षक लघुकथाको परिवेशमा निर्माण भएको छ । राज्यमा समस्याहरूको थुप्राको चित्र कोरेर निर्माण गरिएको 'समस्यापुर' शीर्षकले समस्यापुरको पूर्ण परिचय बोकेको छ । अर्काको नाममा लेखिदिने 'घोस्ट राइटर'ले गरेको आत्महत्या र त्यहाँ पुग्दा बेहोस भएकी प्रशिद्ध लेखिका बिच रहेको समाजका लागि सङ्कास्पद सम्बन्ध पारिभाषिक शब्द 'घोस्ट राइटिङ' शीर्षकको अर्थ हो र त्यही सम्बन्धमा लघुकथा अडिएको छ । 'मूर्खपुर'का मूर्ख जनताका समस्या र उमेर बढी भएर पनि राजनीति गरी रहेका नेता भएको राज्यलाई दिइएको नाम सटिक र प्रतीकात्मक छ । 'नग्न स्वप्न' लघुकथासङ्ग्रहका लघुकथाका शीर्षकहरू तत्सम, आगन्तुक र तद्भवका सरल र समयसापेक्ष

शब्दहरूबाट रोजिएका छन् । वर्तमान समय र यस समयको प्रतिनिधित्व गर्ने बजगाईंका शीर्षकहरू बिग्रिँदो समाजको चित्रण गर्ने किसिमका सान्दर्भिक र आकर्षक छन् । लघुकथाका शीर्षकहरूले 'नग्न स्वप्न' सङ्ग्रहभित्रको ध्वस्त र विखण्डनपूर्ण समाजलाई झल्काउँदै अत्याधुनिक समाजका सामाजिक स्वरूपका झिल्काहरू लिएर आएको देखिन्छ । यसरी 'नग्न स्वप्न' सङ्ग्रहभित्र समाजमा जल्दा बल्दा समस्यामा उठाइएका विषयवस्तुका भित्री भावबाट, कहीँ सामाजिक राजनीतिक व्यङ्ग्यात्मक भावले युक्त प्रतीकात्मक शब्दबाटबाट र कतै अत्याधुनिक युगका विकृतिपूर्ण प्रवृतिबाट निर्मित शीर्षकहरू अति छरिता र सार्थक छन् ।

**कथानक**

कथाले समेटेको घटनाक्रम कथानक हो र कथाका लागि यसलाई अपरिहार्य तत्त्वका रूपमा लिइन्छ (देवी, सन २०१७) । 'गद्यमा लेखिएको, आख्यानयुक्त छोटो रचना वा कुनै पनि रचनामा पाइने कथानक' (उप्रेती, २०७९) भन्ने परिभाषाले पनि कथाका लागि अपरिहार्य तत्त्वका रूपमा कथानकलाई चिनाउँछ ।  लघुकथामा छोटो आकारमा भाव निकाल्नु पर्ने हुँदा सबै घटना आउन सक्तैनन् । लघुकथा छोटो हुने हुँदा कथानक सटीक हुन आवश्यक देखिन्छ । तर, एउटा मात्र स्वतन्त्र घटनाबाट कथानकमा चरम (लाइमेक्स) उत्पन्न हुँदैन । त्यसका लागि दुई वा दुईभन्दा बढी स्वतन्त्र घटना चाहिन्छन् (शर्मा, २०७२,४२) भन्ने मान्यताबाट कृष्ण बजगाईंको 'नग्न स्वप्न'का लघुकथालाई हेर्दा यहाँका सबै लघुकथाका कथानकमा दुई वटा घटनाहरूको उपस्थिति देखिन्छन् । लघुकथाका कथानकका ती दुईवटा भाग वा चरणलाई मूल भाग र अन्त्य गरी दुईवटा भागमा राखेर बेग्ला बेग्लै तत्त्वका रूपमा पनि चिनाएका छन् (देवी, सन २०१७) । 'नग्न स्वप्न' लघुकथासङ्ग्रहका लघुकथामा कथानकका ती दुईवटा घटनाहरू सर्लक्कै दुई भागमा देखिन्छन् । सुरुको अवस्था अर्थात् कथाको मूल भाग, यहाँ कथानकको एउटा घटना आउँछ र यो भागमा कथानक विस्तारै अगि बढ्छ । कथाकारले एककिसिमको वातावरण सिर्जना गरेका हुन्छन् । विषयवस्तु, पात्र र परिवेशको जानकारी दिने काम यही भागले गर्छ । पात्रहरूको समस्या यही भागमा देखिन्छ । पाठकका मनमा खबलल ल्याउने काम यही भागमा आउँछ । जब पात्रको गल्ति वा उसको मानसिकता सम्हाल्न नसक्ने हुन्छ 'नग्न स्वप्न' सङ्ग्रहका लघुकथाका कथानकले त्यही बेला अर्को मोड लिन्छ र कथानकको अर्को घटनामा प्रवेश गर्छ । लघुकथाको बिट मार्ने काम पाठकलाई अनेक सम्भावनाहरू दिएर कथाको अन्त्य हुन्छ ।

बजगाईंले निश्चित् क्षेत्रलाई लक्षित गरेर विषयवस्तु रोजेका छन् र तिनको घतलाग्दो अनि पाठकका मनमा खुल्दुली मच्चिने किसिमको घटनाको निर्माण गरेर अन्तिम घटनाले बिट मार्दा लघुकथाहरूलाई विशेष बनाएका छन् । 'नग्न स्वप्न'का लघुकथाका कथानकले अत्याधुनिक परिवेशको विकृतिपूर्ण समाजलाई छरपस्ट पारेर अनेक किसिमका सामाजिक राजनीतिक जटिलता प्रस्तुत गर्ने काम गरेको गरेका छन् । सम्भावनात्मक अन्त्य 'नग्न स्वप्न' लघुकथासङ्ग्रहको सबैभन्दा ससक्त पाटो हो । यहाँका लघुकथाहरूले समाजका बेथितिलाई खोजी खोजी औंल्याउने किसिमका छन् । 'समयबोध' लघुकथामामा भविष्यको सहरको नियात्रा लेख्न प्रयासरत पात्रका रूपमा नियात्राकारको मूल उपस्थिति छ । उ कथाको मूल पात्र हो । उसले भेटेकी 'भविष्यकी युवती' भनेर कथाकारले परिचित गराएकी नारी पात्रले 'बालिका' भन्ने अर्थ बोकेको छ । नियात्राकारले हिँडेको

ठाउँको विकास सँगै यो नारी पात्र थपिएकी छे । त्यसै पात्रको अपहरणको अपराधमा पुलिसले उसलाई पकडेर ब्लाक होलमा कोच्नु उसको गलत कामको परिणाम मूल भाग हो । पछिल्लो घटनामा ऊ अस्पतालमा भेटिएको छ र मूल भागको लेखकलाई त्यहीँकी युवतीका अनुहारकी नर्सले औषधी दिनु अनि मुसुक्क हाँस्नु मूल अवस्थाको घटनासँग कस्तो समन्वेय हुन्छ भन्ने कथानकको दोस्रो घटनाले पाठकलाई अनेक अर्थ दिने दिन्छ । लघुकथाको अन्त्यमा कथाकारले आफ्नो विचार सोझै संप्रेषण नगरी अनेकौं सम्भावनालाई औल्याउँदै कथाको अन्त्य गरेका छन् । यही कथाको अन्त्यमा पनि अगिल्लो घटनाकी बालिका र नर्सको के कथा हो, अनि अगिल्लो भागमा आएको कथा उसकै आत्मकथा हो कि उसको पागलपनले आएको सोच हो, कि उसको सपना हो, सम्भावना देखाएर कथाको अन्त्य भएको छ । लघुकथाको मूल अवस्थाको पाटामा उठेका पाठकका अनेकौं प्रश्नहरूको उत्तर ध्वन्यात्मक रूपमा अन्त्यमा आउनाले लघुकथाका कथानकलाई चखिलो बनाएका छन् । कथानकको पहिलो भागकी बालिकालाई नर्सका रूपमा देखिन्छे ।

वर्तमानसँग अनविज्ञ हिजोमा बाँचेको मानिसको अवस्था 'बाध्यता' लघुकथामा छ । भविष्यको चिन्ता गर्ने त्यो पात्र आफ्नो चिन्ताको कारणको खोजी गर्ने क्रममा आर्थिक लगानी गर्दै जाँदा झनै चिन्ता थप्दैछ । चिन्ताको कारण आर्थिक अभाव हो भन्ने थाह पाएर चोरी गर्ने पहिलो भागमा छ । पक्राउ पर्दा 'म सोझो र इमान्दार हुँ' भन्ने दावी अन्तिम भागमा छ । यहाँ आएर लघुकथाको अन्त्य भएको छ । यो अन्त्यमा पाठक लेखकले दिएको शीर्षकअनुसार 'बाध्यता' मा राजी हुने कि अर्को कुनै सम्भावनाका अर्थ निकाल्ने भनेर सोच्ने ठाउँ पनि प्रशस्तै छ । लज्जा' लघुकथामा पछिल्लो समय समाजमा जताततै समुह बन्ने र समुहले नियम बनाउने, प्राकृतिक चाहना मारेर, बनेका नियममा आवद्ध नभए लज्जा बोध गर्नुपर्ने घटनाजस्तै 'नग्न स्वप्न'का अन्य लघुकथामा पनि पाइन्छ ।

कथानकका घटनाहरू निश्चित विषयमा आधारित हुन्छन् । 'नग्न स्वप्न'का लघुकथामा प्रेम, विवाह र सम्बन्धको बिथोलो, राजनीतिका अनैतिकता, विदेशी नेपालीका व्यथा, अस्वस्थ मानसिक अवस्थाका व्यक्तिसँग सम्बन्धित घटना, ५ । भाइरल हुने रहरमा हुने नकामहरू अनि नारा र वादको अत्याधुनिक रूप जस्ता विषयमा आवद्ध विकृतिपूर्ण घटना कथानक बनेर आएका छन् । अहिले संसार एउटै डल्लामा सीमित भएको छ । विश्वभरि मानिससँगै सामाजिक, साँस्कृतिक आदानप्रदानलाई सजिलो हुने भएको छ । त्यसको प्रभाव नेपाली समाजमा परेको देखिने स्थान नै आधुनिक जमानाका प्रेम, विवाह, सम्बन्ध नै हो । त्यही कारण होला बजगाईंका लघुकथाका कथानक सामाजिक विकृति बढी आएका छन् । नेपालमा राजनीति विकृतिको ठुलो केन्द्र बनेको छ । त्यसैको प्रभाव 'नग्न स्वप्न' भित्रका लघुकथामा राजनीतिक विकृतियुक्त कथानक आएका छन् र ठग नेताका चर्तिकलालाई चिरफार गर्ने काम गरेका छन् । नाम कमाउने मोहले साहित्य लेखन पनि मौलाउँदो छ । आधुनिक लेखनसम्बन्धी घटनामा आधारित लघुकथा पनि 'नग्न स्वप्न' सङ्कलित छन् । लैङ्गिक विषय पनि नेपाली समाजमा विकृतिबाट अछुतो छैन । तसर्थ 'नग्न स्वप्न' मा लैङ्गिक विकृतिपूर्ण घटनाले पनि स्थान पाएका छन् । विश्व शान्तिको आवश्यकता समाजमा अत्यावश्यक भएका अवस्थामा बजगाईंको लघुकथामा शान्तिका घटना समावेश भएका छन् । पर्यावरण संरक्षण संसारको अर्को आवश्यक विषय हो । 'नग्न स्वप्न'मा पर्यावरण विषयक घटनाका लघुकथा पनि समावेश भएका छन् । कथानकका दुई किसिम (अर्याल, सन २०२३) मध्ये 'नग्न

स्वप्न'का लघुकथाहरू सरल कथानकमा रचना भएका छन् । अर्थात् 'नग्न स्वप्न'का लघुकथाहरूमा घटना सिधा वा रेखीय संरचनामा रचना भएका छन् । पहिले घटेका घटना पहिले र पछि घटेका घटना पछाडि नै आएका छन् ।

### पात्र

अरु आख्यानमा जस्तो पात्रको चरित्र चित्रण लघुकथामा नहुने हुँदा (गौतम, २०७२,४७) 'नग्न स्वप्न'का अनौठा पात्रहरू पनि घटना सञ्चालन गर्न र विशेष जीवन दर्शनका लागि मात्र उपस्थित भएका छन् । 'बाध्यता'मा भविष्यको चिन्ता गर्नै, 'भ्रान्ति' मानसिक अस्वस्थता यहाँका पात्रको पहिलो लक्षण हो । 'भिसा', 'जुत्ता'का जस्ता अमानवीय वस्तुहरूलाई मानवीकृत रूपमा पात्र बनाएर उपस्थित गराइएको छ । समाजमा देखिएको र देख्न सकिने विकृति र विसङ्गतिसहित बिग्रिँदो दृश्य प्रस्तुत गर्ने अत्याधुनिक समाजका भाइरल पात्रहरूलाई प्रयोग गरिएको छ । हरित सहरमा मासु, रक्सी खाएर बनको पर्यावरण बिगार्ने पात्र, विगतमा अड्किएको वर्तमानमा फर्किएर आउन नसक्ने बाध्यताको, नासोको घर बिर्सेको पुरुष, पहिचान हराएको मानसिक बिरामी, फन्दाका किचकन्नी र स्त्रीलम्पट पुरुष, बुद्धि नहुने भ्रष्ट नेता, भिसाका जनावरहरू, पुलिस, जुत्ता, सामाजिक सञ्जालमा प्रचलित डब्लुडब्लुडब्लु डटकम, नारीवादको नाममा मनपरी गर्ने समाजिक आदर्श विरोधी नारी, महासंयोग, भाइरल, गमन आदिका पति पत्नी सम्बन्धको घेरामा नअटाउँने पात्र लजाउन नजान्ने समलिङ्गी, अपमृत्यु, विपरिणामका श्रीमती पिडित पुरुष, भरोसा र नग्न स्वप्नका अनौठा भावनाका पात्रहरू लघुकथामा पात्रका रूपमा आएका छन् ।

### भाषा र शैली

साहित्यको प्रस्तुतीकरणका लागि भाषा र शैलीको भूमिका हरेक साहित्यमा झैँ लघुकथामा पनि अनिवार्य मानिन्छ । भाषाको प्रयोग साङ्केतिक रूपमा गरिनु लघुकथाको अर्को विशेषता हो (निरौला, सन २०२१) । 'नग्न स्वप्न' लघुकथा सङ्ग्रहका लघुकथाका भाषा सरल छन् । यस सङ्ग्रहमा सामाजिक, राजनीतिक र मानसिक विषयमा लघुकथा रचिएको भएकाले त्यही विषयका आधुनिक नेपाली समाजमा चलेका शब्दहरूलाई रोजिएको छ । नेपाली भाषामा प्रचलित शब्दस्रोत तत्सम, तद्भव र आगन्तुक शब्द त्यसमा पनि कम्प्युटर मोबाइलका सामाजिक सञ्जालमा बढी प्रचलित अङ्ग्रेजीका भाइरल, डब्लुडब्लुडब्लु जस्ता आगन्तुक शब्द शब्दको प्रयोगले 'नग्न स्वप्न' लघुकथासङ्ग्रहका भाषालाई सजाइएको छ । लघुकथा सर्सर्ती पढ्ने क्रममा कुनै शाब्दिक जटिलता पाइँदैन र शब्दकोशको प्रयोग सामान्य नेपाली पाठकले गर्नु पर्दैन ।

लघुकथा कथाभन्दा फरक हो भनेर देखाउने तत्त्व शैली हो । लघुकथाको शैली यही नै हुनुपर्छ भन्ने कुनै ठोस नियम कतै लेखिएको पाइँदैन । कथाभन्दा धेरै सानो आकार तर कत्रो वा कति शब्दको भन्ने कुनै मापदण्ड  छैन । 'नग्न स्वप्न'का लघुकथामा शैली भने विशेष छन् । लघुकथाका सुरूआतमै "यो मेरो मृत्युपछिको कथा हो (११)" 'म' पात्रको प्रयोगबाट मृत्युपछिको जस्तो देखिने वाक्य पाठकलाई खुल्दुलीपूर्ण तरिकाले तान्ने किसिमको छ । "उसले विचित्र खालका दृश्य देख्न थाल्यो (१७)" प्रस्तुत वाक्य लघुकथाको सुरुआतमा नै आएको छ । यो वाक्य पढ्दा कथाको अगाडिको केही अंश पछाडि जोडिन्छ कि भनेजस्तो लाग्छ तर कतै जोडिँदैनँ । "अचानक जुत्ता र जुत्तीका गफ हुन थाले (१८)", "दिनप्रतिदिन मेरो श्रीमान् घटेर सानो छन् साने हुँदै गएको देख्छु ( १०८)" अर्थात् पाठकका मनमा के रैछ यो भनेर आकर्षण दिने किसिमका लघुकथाका सुरुआत नै

नौला किसिमका छन् । “डब्लुडब्लुडब्लु र डटकम प्रेमी प्रेमिका थिए (११६)” सरल र दन्तेकथाका सुरुआतमा सुनिराखिएको वाक्य हो तर, यी दुईवटा कम्प्युटरमा सँगसँगै आउने शब्दको प्रेमकथा अचम्म लाग्दो छ । ‘घात’ लघुकथा दुईजना व्यक्तिको सामान्य कुराकानीको परिवेशमा सुरु भएको छ । ‘नग्न स्वप्न’का लघुकथा व्यञ्जनापूर्ण अभिव्यक्तिले भरिएका छन् । “गणतन्त्रको जन्त्र हराउला कि भनेर नेता र मन्त्रीहरूले विशेष चिन्ता व्यक्त गर्थे‘ अदृश्य रहेछ (४७)” वाक्यले नेपालका जनतालाई यहाँका अल्छी नेताले गणतन्त्र नामको मन्त्रमुग्द पारेका भन्ने अर्थ बोकेको छ । “चुनाव जितेपछि थाहा पाएँ, सांसद पद भनेको सपना देखाउने सरकारी लाइसेन्स रहेछ (९६)” कसैले नदेखेको नबुझेको गणतन्त्र नामको अन्धविश्वासमा लट्ठ्याएर त्यसैमा अल्मलाउने र आफ्नो दुनो सोज्याउने नेता र राज्य सञ्चालकको कर्तुत नै बोकेका छन् । लघुकथाकारले ध्वन्यात्मक वा साङ्केतिक अन्त्य गर्दै ‘नग्न स्वप्न’का लघुकथालाई छोटो रूपको कथामा नै पाठकलाई सोचको भुमरीमा पार्ने काम गरेका छन् । त्यस्तै साङ्केतिक अर्थले व्यङ्ग्यको वातावरण सिर्जना गरेको छ । “त्यसपछि मैले ‘म’ पात्रलाई मारेँ । संजोग कस्तो पर्यो भने ‘म’ पात्रलाई मारेकै दिन साउदी अरबमा काम गर्न जाने भिसा पनि आयो (१२)” अघिल्लो घटनाको ‘म पात्रलाई मारेँ” भन्ने वाक्य र कथामा अघि आएका विवरणको अन्त्य बोकेको ‘साउदी अरबको भिसा’ ले अनेक सम्भावना देखाएको छ । नेपालीहरूले आत्मा मारेर खाडी मुलुक जानु परेको बाध्यता, देश छोडेर विदेश जानु कारण पारिवारिक दवाबको प्रतिफल वा अन्य राजनीतिक कारण जस्ता अनेक सम्भावनालाई औल्याएको छ । ‘घात’ लघुकथामा ‘उसले तुरुन्त आफ्नो हात छाम्यो’ भन्ने वाक्यबाट अन्त्य हुँदा त्यसले दिएको ध्वन्यात्मकताले पाठक मनमा मिठो व्यङ्ग्यको मिठास बोकेर ल्याउँछ । यस्ता सटिक भाषाको प्रयोग ‘नग्न स्वप्न’का हरेक लघुकथामा पाइन्छ । ‘नग्न स्वप्न’का हरेक कथामा दुई भाग छन् र त्यसका अन्त्यमा कौतुहलपूर्ण रूपमा छोडिएका छन् । ‘सहजीवन’ लघुकथामा विवाह र डिभोर्सको आधुनिक नाटकमा सहभागी श्रीमान् श्रीमतीका बिचको कुराकानीबाट सुरु र कुराकानीमै अन्त्य भएको छ । विवाहसम्बन्धी विचारमा पुरुषले जनवादीरमार्क्सवादी गीत गाएर लघुकथाको अन्त्य भएको छ । हेर्दा सामान्य र एउटै घटनाजस्तो देखिन्छ तर, कथाको अन्त्यमा गाइएको गीतमा उसकी श्रीमतीको रहरलाई व्यङ्ग्यात्मक रूपले उत्तर दिई राखेको पाइन्छ । डब्लुडब्लुडब्लु डटकममा प्रेमीको फोनमा आएको घन्टीलाई प्रेमिकाले चियाएर हेर्दा ‘आफ्नी आमाको नब्बर थियो’ भन्दै बदलिँदो समाजमा गुजुल्टेको प्रेम सम्बन्धको कथाको रहस्यको सङ्केतले नै अन्त्य भएको छ । छोटो हुनु लघुकथाको शैलीगत विशेषता हो । शब्द सफ्याका दृष्टिले ‘नग्न स्वप्न’का छोटा ‘भरोसा’मा १०४ शब्द र लामा ‘पदवियोग गरिएका २६५ शब्दभित्र लघुकथाहरू रचना भएका छन् र भाव निकाल्न आवश्यक शब्दबाहेक एउटै शब्द पनि बढी प्रयोग भएको देखिँदैन ।

**बिम्ब र प्रतीक**

सोझो रूपमा भनेको भन्दा फरक अर्थ ‘नग्न स्वप्न’का लघुकथाहरूको अर्को प्रमुख विशेषता हो । कुनै शब्द, पदावली वा कथनलाई प्रतीक वा बिम्बको रूपमा प्रयोग गर्दै त्यसको सहायताले ठुलाठुला र घुमाउरा अनि व्यङ्ग्यात्मक अर्थ दिने काम लघुकथामा हुन्छन् । ‘नग्न स्वप्न’का लघुकथाहरूमा ‘समस्यापुर’ मा आएका समस्याहरू, समस्यातान्त्रिक, समस्या मन्त्रालय आदि बिम्ब हाम्रो देशको समस्याको थुप्रोमा राजनीति गर्न रूचाउने राज्यसञ्चालकको प्रवृत्ति बोकेका बिम्महरू हुन् । यिनको प्रयोगले कथालाई चित्तबुझ्दो बनाएको छ । ‘भिसा’मा आएको खुला चिडियाखानाका

जनावर, त्यहाँ आएको डलर सबैले राज्य सञ्चालक तथा नियामकहरूको बिग्रिँदो मनस्थितिका कारण भ्रष्ट भएको हाम्रो देशको राजनीतिक व्यवस्थालाई जनाएको छ । "अनुमतिबेगर किन फोटो खिचेको भन्दै प्रहरी हौँ भन्ने "म पर्यटक हुँ 'मसँग पासपोर्ट होइन डलर मागे (१४ १५)" । यो वाक्यमा प्रयुक्त 'पर्यटक' र 'डलर' शब्दले बोकेको नेपालमा रहेको पर्यटक ठग्ने चलन र विदेशी पैसामा बिक्ने चलनलाई र डलरका नाममा कानुन बेच्ने, पर्यटकसँग जथाभावी रकम असुल्ने प्रवृतिको प्रतीक भएर आएका छन् । 'नक्कली'मा प्रयुक्त नक्कलीपुरले मौलिकता सबै नस्ट भएर आफ्नो केही नभएको हाम्रो अवस्थालाई सङ्केत गरेको छ । लघुकथामा आएका सबै बेथितिहरूले आख्यानमा प्रयुक्त समाजलाई नभएर अन्यत्रै वास्तविक समाजको अर्थ बोक्ने प्रतीक भएर आएका छन् । 'नग्न स्वप्न'मा राज्यमा बढ्दो बेथिति र विकृतिहरूलाई रोमान्टिक दृश्यहरूलाई कथाकारले प्रतीकात्मक रूपमा लिएका छन् र राज्यमा बेथिति हदभन्दा माथि पुगेको सङ्केत गरेका छन् । यहाँ सपनामा देखेका भ्रष्टाचारी, मन्त्री, पार्टीका नेता आदि सबै राज्यमा मौलाउँदो भ्रष्टाचारीमा रजाइँ गर्ने पात्र हुन् । सपनामा आएका अनौठा पात्र र तिनका रोमान्सले मिलिजुली ल्याएको बिथोलोलाई औल्याउँछ । 'नक्कली टाइम्स' पत्रकारिता पेसाको नक्कली पनको प्रतीक हो । 'रुपान्तरण' देशमा लैङ्गिक व्यवस्थाको पछिल्लो खरो आवाजको प्रतीक हो । 'रूपान्तरण'ले पितृसत्ताको विरोध गर्ने विशेष गरी आयआर्जन प्रशस्ति गर्ने महिलाहरूको प्रतिनिधित्व गरेको छ । 'हृदय मेरो शरीरमा छैन' यो वाक्यले हाम्रा देशका नेताको बौद्धिक अवस्था देखाएको छ । 'समस्या मन्त्रालय' हाम्रो देशको समस्याको खेतीलाई देखाउन चित्तबुझ्दो बिम्ब हो । 'लज्जा' मा लाज हुने ठाउँमा नहुने र लाज नहुनुपर्ने ठाउँमा लाज हुने चलनलाई औल्याएको छ । 'घोस्ट राइटर' नाम कमाउने रहरमा उर्लेको अवास्तविक लेखनको बिम्ब बनेको छ । 'गणतन्त्रपुर' शब्दले गणतन्त्रको नारा घोकाउने नेता र घोकेका जनताको प्रसङ्गले गणतन्त्र के हो र कस्तो हुनुपर्छ नथापाएका हाम्रो देशका जनताका लागि नेताले दिने भ्रम हो । 'नग्न स्वप्न'मा हामीले दैनिक प्रयोग गरेका र आधुनिक समाजमा चलिआएका शब्द बिम्ब अनि सिनेमा हेरेझैँ चित्रात्मक रूपमा आएका दृश्यहरूले पाठकलाई नाटकीयता प्रदान गरेका छन् आएका छन् । यिनै बिम्ब र चित्रात्मक शैलीका माध्यमबाट बजगाईंले पाठकलाई लघुकथाको वास्तविक मर्म सटिक तवरले झर्लङ्ग देखाउने काममा प्रयोग गरेका छन् । बिम्ब प्रयोगका दृष्टिले 'नग्न स्वप्न'का बिम्बहरू सरल छन् । तर, तिनले अत्याधुनिक समाजको हरेक बिग्रिँदो स्वरूपलाई चाखलाग्दो र घतलाग्दो अनि चोटिलो तवरले व्यङ्ग्यात्मक झट्टारो हानेका छन् ।

## जीवनदर्शन

साहित्यलाई समाजको प्रतिबिम्ब अर्थात् समाजको ऐना मानिन्छ । साहित्यले समाजका विभिन्न पक्षहरू, विकृतिहरू, असमानता, र संघर्षलाई प्रस्तुत गर्ने हुँदा जीवनदर्शनको संरचना पनि यसको विशेष रहन्छ । कथा समाजबाट विषयवस्तु लिएर त्यसमा लेखकले मानवीय भावना र आफ्ना कलाले सजाएर जीवन्त रूप दिन्छन् । लघुकथामा कथाकारले घटनाका माध्यमबाट आफ्नो जीवनदर्शनको परिवेश कोर्छन् । घटना र त्यसको विकासका माध्यमबाट जीवन दर्शन प्रस्तुत गर्छन् । 'नग्न स्वप्न'का लघुकथाहरूमा 'म' पात्रका माध्यमबाट कथा सुरु हुन्छ र सत्य घटनाको झैँ विवरण प्रस्तुत हुन्छ तर अन्त्य नपुग्दै त्यो त अर्कालाई सुनाएको कथा पो रैछ भन्ने बोध पाठकलाई हुन्छ । 'होस' लघुकथामा "उ बिस्तारै अन्धो ' त्यस्तै गर्यो (४३)" भनुन्जेल घटना सत्य झैँ लाग्छ तर अर्को अनुच्छेदमा पुग्दा त्यो कथामा परिणत भएको छ । यो प्रवृत्ति कथामा प्रस्तुत

हुनु उत्तर आधुनिकतावादी दर्शनको लक्षण मानिन्छ (सापकोटा, सन २०२३) । 'समयबोध' लघुकथामा भविष्यको सहरको नियात्रा लेख्ने प्रयास गर्ने मानिस छ । भविष्यको काल्पनिक सहरको काल्पनिक नियात्राको विकासमा भविष्यकी युवती भेटिनु, त्यसलाई चकलेट दिएर फकाउनु, पुलिसले पक्रिनु सबै वास्तविक झैँ देखिन थाल्छन् । फेरि त्यही युवती नर्सको पेसामा देखिनु जस्ता घटनाको तालमेल मिलाउँदा केन्द्रमा कुनै एउटा घटना नभएर अनेक घटना बराबर भुमिकामा रहेका छन् । यहाँ नियात्रा लेख्ने लेखक, ब्लाक होलमा कोच्ने पुलिस, पागलखानाकी नर्स सबै उत्तिकै महत्त्वपूर्ण छन् । यस्तो परिस्थितिको सिर्जना उत्तरआधुनिक साहित्यमा पाइन्छ । 'पहिचान' मा आफ्नो पहिचान बिर्सेको पात्र, मानिस देख्ता आस र त्रास उत्तपन्न हुने अवस्था र अन्त्यमा भेटिएको वेवारिसे लासले वस्तुगत सत्यमा बेथिति देखाएको छ । 'शरणार्थी'मा देशमा ठुला ठहरेका समेत विदेशी शरणार्थीको हात उठाउने कुरा कसैले उठाउँदा आफ्नो हात छाम्ने अवस्थाले मानिस हेर्दा पुरै सद्दे छ तर यस्ता कामले उ सद्दे नै हो कि पागल हो छुट्याउन गाह्रो छ । 'भरोसा'मा चिन्ता, पीडा, संवेदनालाई पात्रका रूपमा देख्नुस 'जुत्ता' मा सबै कलकारखाना बेचेर खाने र देशका उन्नतिको जिम्मा लिएका राजनीतिक नेताहरू, समावेशी अवधारणाले समावेशी समस्या निम्त्याउनु, पुरुष र नारीबिच नचाहिँदो रूपमा को ठुलो भन्ने विवादको सिर्जना हुनु' संसारका खबर राख्ने 'डब्लुडब्लुडब्लु डटकम'का प्रेमकथामा देखिएको संसारको ज्ञान राख्ने मेसिनको प्रेमकथा, छोरी ब्वाइफ्रेन्ड चिनाउन आउँदा आफ्नै पूर्व प्रेमी देखेर आमा बेहोस् भएको घटना जस्तै संग्रहका लघुकथामा साइनो, सम्बन्ध र आदर्शको विखण्डन र सङ्कुचित भएका छन् जीवन सीमित मूल्य सङ्कुचित हुनु सबै उत्तर आधुनिकताका लक्षण हुन् (गौतम, २०७०) । लघुकथामा आएका पात्रहरू जतिसुकै शक्तिशाली भए पनि कुनै न कुनै रूपमा पागलखाना, अस्पतामा वा बेहोस अवस्थामा भेटिएका छन् । 'भरोसा' लघुकथामा मानवीय समवेदनाका चिन्ता, पीडा, संवेदनालाई पात्र र तिनको भूमिका देखेका व्यक्तिका जीवनको परिस्थिति भएको बुझिन्छ । "त्यसपछि उसले भित्तामा टाउको' लु, यो खुसीको औषधी खानुस् (१७)" यहाँ मानव पीडित छ । चाहिने नचाहिने समस्याले उसको धैर्यले ठाउँ छोडेर टाउको भित्तामा बजार्दा नर्सले 'कतिपल्ट भनिसकेँ तपाईं सिविरमा हैन, मानसिक अस्पतालमा हुनुहुन्छ भनेर' भन्ने कुराले उ मानसिक रोगी देखाउँछ । 'नासो'को 'म' पात्रको पनि मानसिक अवस्था ठिक छैन । उसले विदेशमा पाएको दुखका कारण आफ्नो घर परिवार नै बिर्सेको छ । 'भ्रान्ति'को "विरोधीहरूले मेरो हृदय छैन भन्छन् । यी पात्रहरूको मानसिक अवस्था पूर्ण स्वस्थ्य छैन । मानसिक अवस्था पूर्ण रूपले स्वस्थ नहुनु, पात्रहरू सद्दे हुन् कि पागल हुन् भन्ने सोच पाठकमा आउनु उत्तर आधुनिकतावादी लक्षण हुन् । 'नग्न स्वप्न' कथाका धेरै पात्र मानसिक रूपमा अस्वस्थ छन् । 'संसजक' मा गाँजिएको प्रेम कथा र अनौठो छ । श्रीमान् र श्रीमतीको जीवनमा एउटै प्रेमिकाको प्रवेशले समाजमा बढ्दो लैङ्गिक बिथोलो समेटको छ । समलिङ्गीका बच्चा जन्माउन नहुने तर सँगै बस्न हुने लैङ्गिक आन्दोलनको नमिल्दो वास्तविकता उत्तरआधुनिकतावाद दर्शाउने विश्वव्यापीकरणको नमूना देखिन्छ (सापकोटा, सन २०२३) 'नग्न स्वप्न'मा सङ्कलित संपूर्ण लघुकथाहरूमा बेथिति, विसङ्गति, सुधार्ने चाहना राख्नेले के सुधार्ने, कसरी सुधार्ने, राजनीतिक बेथिति, सामाजिक बेथिति, मानव जातिको बेथिति त्यस्ता घटनाहरू आधुनिक समाजका अनेक बेथितिहरूबाट आएका लघुकथासङ्ग्रहका सबै लघुकथाहरू उत्तरआधुनिकतावाद दर्शनमा छन् ।

## निष्कर्ष

लघुकथाकार कृष्ण बजगाईंको छैटौँ लघुकथासङ्ग्रह 'नग्न स्वप्न' अत्याधुनिक युगको विकृतिपूर्ण सामाजिक, राजनीतिक यथार्थको ऐना हो । अहिलेको नेपाली समाजमा बिग्रेको, बिथोलो भएको देखिने राजनीतिक विकृति, प्रेम सम्बन्ध, मेसिनजस्तो मानवजीवन, आफूकेन्दी सोच, मूल्य र मान्यताभन्दा धेरै बिग्रेका पात्रहरू, विकृत मनस्थितिजस्ता अनेक पक्षबाट घटना लिई कथानकको निर्माण गरिएका 'नग्न स्वप्न' लघुकथासङ्ग्रहमा संरचित आएका छन् । 'नग्न स्वप्न'भित्रका लघुकथाका मूल भावको केन्द्रबाट शीर्षक चयन गर्दै शीर्षकलाई सार्थक बनाइएको छ । नेपाली वर्णविन्यासको पदवियोगको सिद्धान्त अवलम्बन गर्दै जम्मा १०० देखि २६५ सम्मका सीमित शब्दमा संरचित लघुकथाहरूमा पाठकलाई अर्थ प्रदान गर्न पर्याप्त हुने वाक्यहरू मात्र प्रयोग गरिएका छन् । सरल भाषा र छोटा वाक्यमा संरचित लघुकथाहरूमा वर्तमान समाजका विकृति र विसङ्गतिमाथि चोटिलो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । सरल कथानकको ढाँचा प्रयोग गरी कथानकलाई मूल घटना र अन्त्य गरी दुईवटा घटनामा संचरना गरिएको छ । मूल घटनामा चिनिएका पात्र र परिचित परिवेशलाई चमत्कारपूर्ण ढङ्गले अन्त्यमा पुऱ्याइएको छ । 'कथानको अन्त्य ध्वन्यात्मक छ, अर्थात कथाकारले आफूले उठाएको कथानकको अन्त्यमा पाठकलाई आफै सोचेर अन्त्य गर्ने मौका दिँदै चमत्कारिक अन्त्य गरिएको छ । नग्न स्वप्न'का पात्रहरू अनौठा छन् र यी चरित्र चित्रणभन्दा पनि घटना सञ्चालन गर्न र विशेष जीवन दर्शनका लागि मात्र उपस्थित भएका छन् । सरल बिम्ब र चोटिलो व्यङ्ग्यले लघुकथाहरू चखिला र घतलाग्दा छन् । मानसिक रूपमा पूर्ण स्वस्थ नदेखिने मानव, विकृत राजनीतिज्ञ, आफ्नै अधीनमा पनि रहन नसक्ने समाजका नारी पुरुष पात्रहरू र तिनीहरूको अन्यौलपूर्ण सम्बन्ध, भाइरल हुन चाहने अर्थात् देखावटीमा रमेका पात्रहरू अनि प्रेमका बुझ्निनसक्नुका अनौठा उदाहरणहरू मानसिक अवस्था बिग्रेका पात्र, लैङ्गिक आन्दोलनको नमिल्दो वास्तविकता जस्ता कथानक र पात्रहरूले उत्तर आधुनिकतावादी जीवनदर्शन बोकेका लघुकथाहरू तत्त्वगत मान्यतामा संरचित छन् ।

## सन्दर्भ सामग्रीसूची

अर्याल, लक्ष्मण (सन २०२३). लघुकथाका उपकरणहरू . *Shaheed Smriti Journal* .

उप्रेती, गंगाप्रसाद तथा अन्य (सम्पा.२०७९). *प्रज्ञा नेपाली बृहत् शब्दकोश.* प्रज्ञा छापाखाना ।

कुँवर, शुक्रराज (सन २०२४, अगस्ट ३).कृष्ण बजगाईंको नग्न स्वप्न भित्रको विचरण . Retrieved from *समकालीन साहित्य* ।

गौतम, लक्षमणप्रसाद (२०७०). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना* . ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्षमणप्रसाद (२०७२). लघुकथास्स्वरूप र अभिलक्षण. *मधुपर्क* (५५५), १६-१९ ।

देवी, ममता (सन २०१७). हिन्दी लघुकथास् स्वरूप, परिभाषा और तत्त्व. *International Journal of Information Movement*, (VIII), २३१ २३५ ।

निरौला, लेखप्रसाद (सन २०२१, मार्च, १४). लघुकथाको सैद्धान्तिक परिचय. *समकालीन साहित्य* ।

प्रजापति, रत्न. (२०८१, भाद्र ८). सामाजिक बेथितिमाथि प्रहार. *हिमालय टाइम्स दैनिक* ।

बजगाईं, कृष्ण (२०८०). *नग्न स्वप्न.* लघुकथासङ्ग्रह. भुँडीपुराण प्रकाशन ।

रेग्मी, सीता (सन २०२४, मे १६). नग्न स्वप्नमा एक नजर. Retrieved from *समकालीन साहित्य* ।

शर्मा, मोहनराज (२०७२). *समकालीन लघुकथा बहुलबादी प्रवृत्तितर्फ उन्मुख देखिन्छ.* मधुपर्क (५५५), ४१- ४३ ।

सापकोटा, भवदेव (सन २०२३). *विकासमा उत्तरआधुनिकतावादस् बुझाई र बहस. Innovative Research Journal,* २९२०, ३५ ४२ ।

सुवेदी, राजेन्द्र (२०७२). लघुकथाको परिचय, विकास र वर्तमान परिप्रेक्षमा. *मधुपर्क* (५५५), ८-११ ।

श्रेष्ठ, श्रीओम (२०५६). लघुकथा र यसका प्रकाशन. *मधुपर्क* (३६२) ।

श्रेष्ठ, दयाराम (२०५६). नेपाली लघुकथाको ऐतिहासिक पृष्ठभूमि तथा स्वरूप. *मधुपर्क* (२६२). १३ १६ ।